त्रिभुवन विश्वविद्यालय
कृषि र पशु विज्ञानअध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

प.सं./च.नं.

## स्नातकोत्तर तहमा सेवाकालिन कोटामा भर्ना हुन निवेदन दिनेसम्बन्धी सूचना ।

**प्रकाशित मिति २०७९/१२/०६ गते ।**

शैक्षिक वर्ष २०७९/०८० को लगि यस अध्ययन संस्थानबाट सञ्चालित स्नातकोत्तर तहको विभिन्न विषयमा सेवाकालिन कोटा र MOU भएका निकाय/कार्यालयमा कार्यरत इच्छुक व्यक्तिहरुले भर्ना हुनको लागि मिति २०७९/१२/०९ गते ५ बजे भित्र यसै सूचनासाथ संलग्न ढाँचा वमोजिम iaasentrance@gmail.com मा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदनको साथमा अनुसार देहाय अनुसारका कागजातहरु पेश गर्नु पर्नेछ ।

**१. खुला प्रतिस्पर्धा सेवाकालिन:**

- खुला प्रतिस्पर्धा सेवाकालिन कोटामा निवेदन दिनको लागि नेपाल सरकार वा मातहातका निकाय (नेपाल सरकारबाट तलब भत्ता लगायतका सुविधा लिने । जस्तै : संस्थान, विश्वविद्यालय, नार्क आदि) हरुमा स्थायी सेवामा कार्यरत रही यस अध्ययन संस्थानले सञ्चालन गरेको प्रवेश परीक्षामा उत्तिर्ण भएको हुनु पर्नेछ ।
- निवेदनको साथमा स्थायी सेवामा प्रवेश गरेको नियुक्ति पत्र र हाल कार्यरत रहेको निकाय/कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

**२. सिफारिस भइ आउने सेवाकालिन:**

नेपाल सरकार वा मातहतका निकाय/कार्यालयबाट प्रायोजित/सिफारिस भई आउने सेवाकालिन कोटामा निवेदन दिनको लागि निवेदनको साथमा हाल कार्यरत रहेको निकाय/कार्यालयले अध्ययन गर्न नाम उल्लेख गरी सिफारिस गरेको पत्र, शैक्षिक योग्यताका प्रमाणपत्र र त्रि.वि. बाहेकका विश्वविद्यालयमा अध्ययन गर्नेको हकमा समकक्षताको प्रमाणपत्र पेश गर्नु पर्नेछ । निवेदकले यस अध्ययन संस्थानले निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता पुरा गरेको हुनु पर्नेछ ।

**३. भएका निकाय/कार्यालय:**

यस अध्ययन संस्थानसँग MOU भएका र MOU मा तोकिएका शर्तमा रही MOU को बुँदा समेत उल्लेख गरी प्रवेश परीक्षामा उत्तिर्ण भएका इच्छुक व्यक्तिले निवेदनको साथमा सम्बन्धित निकाय/कार्यालयको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

प्रा.भार्गव धिताल
डीन

मितिः २०७९/१२/......

श्रीमान डीनज्यू,
कृषि र पशु विज्ञान अध्ययन संस्थान
त्रि.वि., कीर्तिपुर ।

**विषयः सेवाकालीन कोटामा भर्ना गर्न निवेदन पेश गरेको बारे ।**

उपर्युक्त विषयमा त्यस अध्ययन संस्थानको मिति २०७९/१२/०६ गतेको भर्नासम्बन्धी सूचना अनुसार म.........................................................त्यस अध्ययन संस्थानको स्नातकोत्तर तहमा अध्ययन अध्यापन हुने ............... ............................ विषयमा भर्ना हुन इच्छुक भएको हुँदा नेपाल सरकार अन्तर्गतको निकाय/कार्यालयमा स्थायी सेवामा रहेको प्रमाणको सिफारिस पत्र, शुल्कसम्बन्धी प्रतिवद्धता (स्वघोषणा), मेरो नागरिकता र प्रवेश पत्रको प्रतिलिपि यसै साथ संलग्न गरी यो निवेदन पेश गरेको छु ।

मेरिट नम्बर.............................

नामथर.........................................................

सम्पर्क नम्बर................................................

हस्ताक्षर.................................